# नेपाल राजपत्र

नेपाल सरकारद्धारा प्रकाशित


## नेपाल सरकार
अर्थ मन्त्रालयको
**सूचना**

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी गुप्तेश्वर वहुमुखी क्याम्पस (सामुदायिक), कुश्मा, पर्वतको लागि भारतीय दूतावासबाट सहयोग स्वरुप प्रदान गरिने टाटा स्टार बस आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क तथा स्थानीय विकास शुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,

(भेषराज शर्मा)
सह-सचिव

नेपाल सरकार

अर्थ मन्त्रालयको

**सूचना**

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विमानस्थल नागरिक उड्डयन कार्यालयको लागि जापान सरकारबाट अनुदान स्वरुप प्रदान गरिने जापानी येन ३,६९,४४,६१६.००(तीन करोड उनान्सत्तरी लाख चवालीस हजार छ सय सोह्र) मूल्य बराबरको स्पेयर पार्टस्हरु आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,

(भेषराज शर्मा)

सह-सचिव

# नेपाल सरकार
## अर्थ मन्त्रालयको
## सूचना

स्वेच्छिक अवकाश योजना अन्तर्गत स्वेच्छिक अवकाश लिने निजामती कर्मचारीको औषधोपचार तथा बीमा जस्ता भविष्यमा हुने खर्च रकम यकिन हुन नसक्ने भएकोले त्यस्ता सम्भावित रकमहरुलाई आयकर प्रयोजनको लागिखर्च कट्टी नहुने र त्यस्तो अवकाश योजनाको निवृत्तभरण आयमा कर गणना गर्ने सम्वन्धमा छुट सीमा र करका दरहरु आर्थिक ऐन, २०६५ मा तोके बमोजिम हुने गरी नेपाल सरकारले सोही ऐनको  दफा २२ ले दिएको अधिकार प्रयोग गरी त्यसरी अवकाश लिने निजामती कर्मचारीले एकमुष्ट अग्रीम रुपमा प्राप्त गर्ने सात वर्षको निवृत्तीभरण रकमलाई प्रत्येक वर्षको अलग-अलग आम्दानी मानी देहाय वमोजिम आयकर गणना गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

(क) <u>स्वेच्छिक अवकास लिने कर्मचारी व्यक्ति भएमा:</u>

आयकर ऐन, २०५८ को अनुसूची-१ मा भएको छुटको सीमा ..................रु.१,१५,०००।-

निवृत्तिभरण आय भएकाले आयकर ऐन, २०५८ को अनुसूची-१ को

दफा १ को उपदफा (९) बमोजिम २५ प्रतिशत थप छुट पाउने रकम ......+ रु.२८,७५०।-

जम्मा वार्षिक छुट .......................................रु.१,४३,७५०।-

सात वर्षको अलग अलग आम्दानी मानी हिसाव गर्दा ..रु.१,४३,७५०।- ह ७ = रु.१०,०६,२५०।- मा कर नलाग्ने ।

त्यसपछिको थप रकममा प्रति वर्षको हिसावले वढीमा सात वर्षको लागि हिसाव गरी आयकर ऐन, २०५८ को अनुसूची-१ को दफा १ को उपदफा (१) बमोजिम कर असुल गर्ने ।

(ख) <u>स्वेच्छिक अवकाश लिने कर्मचारी दम्पति भएमा:</u>

आयकर ऐन, २०५८ को अनुसूची-१ मा भएको छुटको सीमा ............रु.१,४०,०००।-

निवृत्तिभरण आय भएकाले आयकर ऐन, २०५८ को अनुसूची-१

को दफा ९ को उपदफा (९) बमोजिम थप छुट पाउने रकम ............रु.३५,०००।-

वार्षिक छुट रकम ........................................................... रु.१,७५,०००।-

सात वर्षको अलग अलग आम्दानी मानी हिसाव गर्दा .. रु.१,७५,०००।- ह ७ = रु.१२,२५,०००।- मा कर नलाग्ने ।

त्यस पछिको थप रकममा प्रति वर्षको हिसाबले बढीमा सात वर्षको लागि आयकर ऐन, २०५८ को अनुसूची-१ को दफा १को (२) बमोजिम कर असुल गर्ने ।

**उदाहरण:**

मानौ दम्पतिको सात वर्षको अग्रीम निवृत्तिभरण आय रु.१३,५०,०००।- रहेछ ।

माथि उल्लेख भए बमोजिम छुट सीमा ....................................(-) रु.१२,२५,०००।-

छुट पछिको रकम ...........................रु.१,२५,०००।-

माथि उल्लेखित रकम रु.१,२५,०००।- सात वर्षको छुट पछिको आय भएकाले प्रति वर्षको रु.१७,८५८।- (१,२५,०००/७) हुने र उक्त आयमा ७ वर्षको हिसावमा छुट पछिको पुरै रकम रु.१,२५,०००।- मा १५ प्रतिशतले कर लाग्नेछ ।

(ग) **अवकाश लिने निजामती कर्मचारी महिला भएमा आयकर ऐन, २०५८ को अनुसूची-१ को दफा १ को उपदफा (११) बमोजिम लाग्ने करमा १० प्रतिशत छुट दिई कर असुल गर्ने ।**

आज्ञाले,

(भेषराज शर्मा)

सह-सचिव

# नेपाल सरकार

## अर्थ मन्त्रालयको

### सूचना-१

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी सीमा रहित चिकित्सक :वँ ज्यर्बिलम द्वारा रौतहटमा सञ्चालित परियोजनाको लागि :वँ ज्त, ज्यर्बिलम बाट उपहार स्वरुप प्रदान गरिने यूरो ४,८२०.१९ (चार हजार आठ सय वीस, सेण्ट उन्नाइस) मूल्य बराबरको स्वास्थ्य सामाग्रीहरु आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महसुल, मूल्य अभिवृद्धि कर तथा स्थानीय विकास शुल्क  पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना-२

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल, महाराजगञ्जको लागि न्भचकबल ल्भउबभिकभ ज्भ्उि ब्कक्यअष्बतष्यल, न्भचकबलथ बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ६७,६००.०० (सतसठ्ठी हजार छ सय) मूल्य बराबरको हेमोडायलायसिस मेशिन ५(पाँच) थान आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महसुल, मूल्य अभिवृद्धि कर तथा स्थानीय विकास शुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना-३

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी भ्ल्च्म ल्भउर्बा नामक संस्थाले जिल्ला विकास समितिको कार्यालय, मुस्ताङ्गसंगको सहकार्यमा सञ्चालन गर्न लागेको ध्ष्चभभिकक ल्भतधयचप बलम एचयवभअत का लागि बखिबचष्बल ीतम, क्ष्कचबर्भा बाट खरिद गर्ने अमेरिकी डलर ३७,२७०.०१ (सैंतीस हजार दुई सय सत्तरी, सेण्ट एक) मूल्य बराबरको सामाग्रीहरु आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महसुल, मूल्य अभिवृद्धि कर तथा अन्य शुल्क समेत छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना-४

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रले क्त। ञ्गमभ :भमष्अर्बा, ज्यलनपयलन ीतम। बाट अमेरिकी डलर १५,२७०.०० (पन्ध्र हजार दुई सय सत्तरी) मूल्य बराबरको ज्भबचत ख्बखिभ र क्ष्लमष्ब :भमतचयलष्अक एखत।ीतम। बाट भा.रु.३२,११,०००।- (बत्तीस लाख एघार हजार) मूल्य बराबरको एत्क्ाृब ध्बर्बायियल आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,

(भेषराज शर्मा)
सह-सचिव